प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं ३
हेटौंडा, मकवानपुर, नेपाल

परीक्षा : ०५७-५२७१०४
सोधपुछ : ०५७-५२७१०५
प्रमुख/फ्याक्स ०५७-५२७१०६

पत्र संख्या :-२०७५/०७६
चलानी नं.:- ४०४

मिति २०७५/११/०९

विषय : सहयोग गरीदिने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
........१३ वटै........

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व. २०७५/०७६ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार प्रदेश नं. ३ भित्र सञ्चालित सामुदायिक क्याम्पसहरुमा अध्ययनरत डुम, चमार, मुसहर र अपाङ्गता भएका विद्यार्थीहरुका लागि छात्रवृत्ति सम्बन्धी सूचना यसैसाथ पठाइएको छ । सरोकारवालाहरुलाई क्याम्पसहरु मार्फत समेत सूचना प्रवाह गर्ने व्यवस्था मिलाई प्राप्त हुन आउने निवेदनहरु संकलन तथा रुजु गरी मिति २०७६/०१/१५ गते सम्ममा समष्टिगत विवरण र सक्कलै निवेदनहरु यस निर्देशनालयमा पठाइदिनुहुन अनुरोध छ ।

(दिनेशकुमार श्रेष्ठ)
का.मु. निर्देशक

DC

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

परीक्षा : ०५७-५२७१०४
सोधपुछ : ०५७-५२७१०५
प्रमुख/फ्याक्स ०५७-५२७१०६

पत्र संख्या :-२०७५/०७६
चलानी नं.:-

## शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३ को डुम, चमार, मुसहर र अपाङ्गता भएका विद्यार्थीहरुका लागि छात्रवृत्ति सम्बन्धी सूचना

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको च.नं ४८७, मिति २०७५।०७।२७ को पत्रानुसार यस निर्देशनालयलाई प्राप्त संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम अन्तरगत तपसिल बमोजिमका छात्रवृत्ति वितरण गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिमका कागजात संलग्न गरी प्रदेश नं. ३ भित्र सञ्चालित क्याम्पसहरुमा अध्ययनरत डुम, चमार, मुसहर र अपाङ्गता भएका विद्यार्थीहरुले मिति २०७५ चैत्र मसान्त सम्ममा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा आवश्यक कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

**क) सामुदायिक कलेजबाट प्रथम श्रेणीमा स्नातक तह र कक्षा १२ मा प्रथम श्रेणीमा उत्तीर्ण डुम, मुसहर र चमार को लागि छात्रवृत्ति**

**पेश गर्नुपर्ने कागजातहरु :**

१. सम्बन्धित विद्यार्थीको निवेदन ।
२. आफूले स्नातक तह वा स्नातकोत्तर तहमा भर्ना भइ हाल नियमित रुपमा अध्ययन गरिरहेको व्यहोराको पत्र र अन्य संघ संस्था वा निकायबाट यस्तै प्रकारको अन्य कुनै छात्रवृत्ति नपाएको व्यहोरा खुल्ने सम्वन्धित कलेज वा क्याम्पसको सिफारिस पत्र ।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
४. आफूले प्राप्त गरेको माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा ( कक्षा ११ , १२ )/ स्नातक तहको ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपी ।
५. डुम, मुसहर र चमार भएको खुल्ने गरी सम्वन्धित स्थानिय तहको सिफारिस ।
६. राष्ट्रिय वाणिज्य बैंक वा नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त बैंकमा सम्बन्धित विद्यार्थीको नाममा खोलिएको खाता नं. र बैंकको नाम ठेगाना ।

**ख) उच्च शिक्षामा अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति**

**पेश गर्नुपर्ने कागजातहरु :**

१. सम्बन्धित विद्यार्थीको निवेदन ।
२. आफूले स्नातक तह वा स्नातकोत्तर तह अध्ययन गरेको कलेज/क्याम्पसमा भर्ना भइ हाल नियमित अध्ययन गरिरहेको व्यहोराको पत्र र अन्य संघ संस्था वा निकायबाट यस्तै प्रकारको अन्य कुनै छात्रवृत्ति नपाएको व्यहोरा खुल्ने सम्वन्धित क्याम्पसको सिफारिस पत्र ।
३. अपाङ्गताको प्रमाणपत्रको प्रतिलिपी ।
४ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
५. राष्ट्रिय वाणिज्य बैंक वा नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त बैंकमा सम्बन्धित विद्यार्थीको नाममा खोलिएको खाता नं. र बैंकको नाम ठेगाना ।

का.मु. निर्देशक